# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२० गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

दाङ जिल्ला, घोराही उप-महानगरपालिका उखुवारी सडकखण्डमा चेकिङ ड्युउटीमा खटिएका प्रहरी हवल्दार पूर्ण आकाश दिप सिंहले चेकजाँच गर्ने क्रममा मोटरसाईकल चालकको साथमा कागजात नभएकाले जरिवानाबापत रसिद काट्न खोज्दा सुनिल न्यौपानेलसँग रू.२००।—(दुई सय) लिइ केही समयपछि सुनिल न्यौपानेले आफू पत्रकार भएकोले घुस लिएको भिडियो बनाइसकेको भनी रू.१,००,०००।—(एक लाख) को बार्गेनिङ गरेपछी निजहरूले घुस/रिसवत लेनदेन गरेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी हवल्दार पूर्ण आकाश दिप सिंहले आफू ड्युटी खटिएको स्थानमा साथमा कागजपत्र नराखी मोटरसाइकल चलाएको कसुरमा चालकलाई जरिवाना गराउने क्रममा सुनिल न्यौपानेमार्फत रू.२००।—(दुई सय) लिइसकेपछि निज सुनिल न्यौपानेले आफू पत्रकार भएकोले रकम लिएको भिडियो खिंचेको हुँदा पत्रपत्रिकामा प्रकाशन हुने भनेको कुरालाई बाहिर प्रकाशन प्रसारण नगराई दिनको लागि भनी घुस रिसवत बापत तत्काल नगद रू.५,०००।—(पाँच हजार) र ५०,०००।— (पचास हजार) को चेक समेत निज सुनिल न्यौपानेलाई दिएकोमा सो चेक फिर्ता गर्नको लागि पुन: नगद रू.५०,०००।—(पचास हजार) समेत दिएकोमा सो चेक र नगद रू.५५,०००।—(पच्पन्न हजार) सहित सुनिल न्यौपाने पक्राउ परी आएकाले निज प्र.ह. पूर्ण आकाश दिप सिंहले रू.२००।—(दुई सय) घुस/रिसवत लिई सुनिल न्यौपानेलाई रू.५५,०००।—(पचपन्न हजार) घुस रिसवत दिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(३) को कसुर भएको पुष्टि हुन आएको देखिंदा निजलाई विगो रू.१,०५,२००।—(एक लाख पाचँ हजार दुई सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजायको मागदाबी लिइएको ।

साथै, ट्राफिक चेकिङमा परेको मोटरसाइकल छुटाउन निज सुनिल न्यौपाने मार्फत प्र.ह. पूर्ण आकाश दिप सिंहलाई रू.२००।—(दुई सय) दिई सोही रकमको विषयलाई लिएर आफू पत्रकार भएकोले रकम लिएको भिडियो खिंचेको हुँदा पत्रपत्रिकामा प्रकाशन हुने र नोकरीमा समेत असर पर्ने सम्मको डर देखाई प्रकाशन प्रसारण नगराउनको लागि भनी घुस रिसवतबापत तत्काल नगद रू.५,०००।—(पाँच हजार) र ५०,०००।— (पचास हजार) को चेक समेत लिएकोमा पुन: नगद रू.५०,०००।—(पचास हजार) लिइ निज सुनिल न्यौपानेले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (२) को कसुर भएको पुष्टि हुन आएको देखिंदा निजलाई विगो रू.१,०५,२००।— (एक लाख पाँच हजार दुई सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता